# नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान खुमलटार, ललितपुर को प्रयोगशाला निर्माण सम्बन्धि सिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७४ साउन ३१

१) यस प्रज्ञा प्रतिष्ठानबाट हुने तपशिलको कार्य बोलपत्रद्धारा गराउनुपर्ने भएकोले निर्माण व्यवसाय ऐन २०५५ अन्तर्गत दर्ता भएका ईच्छुक निर्माण व्यावसायीहरुबाट तपसिलको अधिनमा रहि *शिलबन्दी बोलपत्र* आह्वान गरिन्छ ।

२) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३०औं दिन (सो दिन बिदा परेमा कार्यालय खुल्ने पहिलो दिन) भित्र चालु आ.ब.को लागि नविकरण भएको इजाजत पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र र करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथ निवेदन दिई Specification र शर्त सहितको टेण्डर फाराम रु.३०००.०० (पछि फिर्ता नहुने) तिरी बोलपत्रदाता वा निजको आधिकारीक प्रतिनिधिले कार्यालय समय भित्र यस प्रतिष्ठानबाट खरिद गर्न सकिने छ।

३) बोलपत्र फारममा रहेको विल अफ क्वान्टिटि (आइटमवाइज)को दररेट लेख्नका लागि छुट्याईएको महलमा दररेट अंक लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

४) बोलपत्र फरमसाथ धरौटी रकम रु.६२३१७.०० यस प्रतिष्ठानको नाममा रहेको ने.रा.बैंक, थापाथली, काठमाण्डौको खाता नं **१२०६११३–००१–०००–५२४** मा नगद जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' बर्गको बैंकबाट यस प्रतिष्ठानको नाममा जारी गरिएको १२० दिन (अन्तीम मितिदेखि गणना हुनेगरी) म्याद भएको बोलपत्र जमानत (Bid Security) को सक्कल प्रति र सि.नं. २ मा उल्लेखित कागजात सहित खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसूरमा सजाँय नपाएको भन्ने लिखित रुपमा घोषणा गरेको कागजात अनिबार्य सम्लग्न गर्नुपर्नेछ ।

५) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१औं दिन (सो दिन बिदा परेमा कार्यालय खुल्ने पहिलो दिन) दिनको १२ बजे भित्र बोलपत्रदाताले बोलपत्र दाखिला गरिसक्नुपर्नेछ ।

६) पेश हुन आएका सिलबन्दि बोलपत्रहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१औं दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रहोवरमा खोलिनेछ । प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

७) बोलपत्र दर्ता गर्ने फर्महरुले निर्माण स्थलका साथै कामको सम्बन्धमा राम्ररी बुझी बोलपत्र पेश गरेको मानिनेछ ।

८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस प्रतिष्ठानमा सुरक्षित रहनेछ ।

९) यस बोलपत्र सम्बन्धि केही कुरा संशोधन गर्नुपरेमा यस प्रतिष्ठानको सूचनापाँटीमा टाँस गरिनेछ ।

१०) यो सूचना यस प्रतिष्ठानको वेब साईट www. nast.org.np बाट पनि प्राप्त गर्न सकिने छ ।

अन्य जानकारीका लागि यस प्रज्ञा प्रतिष्ठानको सा.प्र. महाशाखा वा फोन नं. ५५५३१३२, ५५४७७१५ मा सम्पर्क राख्न सकिने छ ।